

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



**विज्ञापन आचारसंहिताको पालना गरौं**

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुर्‍याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१४ ।। अङ्क : २४४ ॥ २०७९ कार्तिक ०४ गते शुक्रबार (21st Oct 2022 Friday) **Pratidin** National Daily dNo-?:%÷-


# विकासका सपना विपनामा परिणत भएका छन्: ओली



झापा । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा

ओलीले नेपाली जनताले हिजो देखेका विकासका सपना आज विपनामा परिणत भएको बताएका छन् ।

बिहीबार आफ्नै निर्वाचन क्षेत्रका कार्यकर्ताहरुसँगको भेटघाटको अवसरमा अध्यक्ष ओली उक्त विचार ब्यक्त गरेका हुन् । हिजो आमसभामा गाउँगाउँ जाँदा गाडीमा नै फरुवा कोदालो सँगै लिएर जानु पर्ने अवस्था थियो । गाउँमा मात्र होइन शहर बजार

क्षेत्रमा समेत सडक, पुललगायतका विकास पूर्वाधार थिएनन् । कहाँ गाडी फस्ने हो त्यही उत्रिएर कादालोले माटो काटेर बाटो बनाउँदै हिड्नु पर्ने अवस्था थियो । राति आमसभा या भेटघाट गर्दा बिद्युत बिस्तार भएको थिएन ।बत्तीको अभावमा पेट्रोमेक्स बालेर उज्यालो बनाएर कार्यक्रम गर्नु पर्थ्यो । बिगतका चुनावको प्रचारलाई स्मरण गर्दै अध्यक्ष ओलीले अगाडी भने, अहिले देशैभरी विकासले फड्को मारेको छ ।

एमालेको नेतृत्वमा भएको सरकारले तीन बर्षको आफ्नो कार्यकालमा विकास के हो भन्ने कुरा गाउँगाउँसम्म प्रमाणित हुनेगरि पुगेको बताए । त्यति बेला यो ठाउँमा पक्की पुल सडक निर्माण हाम्रो पालामा हुन्छ र भनेर सपना देखेका जनताका लागि अहिले विकास बिपना जस्तै भएको छ अध्यक्ष ओलीले भने । गृह जिल्लाको आफ्नै निर्वाचन क्षेत्रका कार्यकर्ता र स्थानीयलाई सम्बोधन गर्दै इच्छाशक्ति र अठोट भए देश बनाउन र विकास गर्न सकिँदो रहेछ भन्ने प्रमाणित भएको बताए ।

अध्यक्ष ओली नेकपा एमाले बिचार नीति र कार्यक्रम प्रष्ट भएको पार्टी भएको बताए । देशलाई विकासको चरण लान ५२ बर्षअघि आफ्नो जुँगाको रेखीमात्र बसेको अवस्थामा नै प्रष्ट भएर राजनीतिमा लागेको बताउँदै त्यसैले त्यति वेला बिभिन्न चरणका कष्टपूर्ण

आन्दोलनका चरण पार गर्दै आएको स्मरण गरे । त्यसैले आफ्नोपार्टीले विकास योजना र कार्यक्रम कसरी अघि बढाउने भन्ने प्रतिवद्धता पत्र आगामी १५ गतेसम्ममा जनतासमक्ष ल्याउने जानकारी दिए । उनले देशभर भूकम्पपीडितका ७ लाख बढी पक्की घर बनाएर जनतालाई सुरक्षित घरमा राख्न सफल भएको दावी

गर्दै हजारौं सरकारी भवन, सेनाको प्रधान कार्यालयदेखि लिएर ठूलाठूला संरचना निर्माण गरिएको जानकारी दिए । अस्पताल, विद्यालय, क्याम्पस, विजनेस कम्प्लेक्स समेत निर्माण गरिएको भन्दै

आफूले सरकारको नेतृत्व गर्न पाउनेवित्तिकै नयाँ ढंगले देशमा विकासको लहर र तरंग सृजना गरेको दावी गरे ।

बिजुली, टेलिफोन, पक्की बाटो, पक्की पुल जनताको सपना रहेको भन्दै उनले ती सबै सपना विपनामा परिणत भएको स्मरण गराए । रतुवा मावामा पुल, गाउँ-गाउँमा बाटा, विद्यालय भवन, क्याम्पस भवन, भ्यूटावर, कृषिको आधुनिकीकरण गर्ने, नयाँ-नयाँ ढंगले विकासका काम अघि बढाइएको बताए । एमालेको उद्देश्य देश बनाउनु भएको भन्दै उनले हिमाल,चट्टान,हिमताल, नदीनाला, बोटबिरुवा, जडिबुटी सबै थोक भएको देश नेपाललाई बनाउने अभियानमा एमाले लाग्ने धारणा राखे । अध्यक्ष ओलीले बिहीबार झापाको दमक नगरपालिका ३ स्थित आमचौक र कमल गाउँपालिकाको केर्खा बजारमा भएका दुईवटा कार्यक्रममा कार्यकर्ता तथा स्थानीय बासिन्दालाई सम्बोधन गरेका थिए । त्यसपछि अध्यक्ष ओली बिहीवार अपरान्ह काठमाण्डौ फर्केका छन् ।

# बिषादीयुक्त भारतीय माछाको उपभोग बहिष्कार गर्न आव्हान



झापा(प्रस) । झापाका माछापालक किसानहरुले सडेगलेका बिषादीयुक्त भारतीय माछाको उपभोग बहिष्कार गर्न आह्वान गरेका छन् । बिर्तामोड नगरपालिकाले कात्तिक १ गतेबाट बिर्तामोडमा भारतीय माछाको बिक्रीमा रोक लगाएको छ । भारतीय माछा बेच्न पाउनु पर्छ भन्दै माछा व्यापारीहरुले आन्दोलन गर्न खोज्दा बिर्तामोड नगरपालिकाले भारतीय माछाको बिक्री वितरणमा रोक लगाउने गरेको निर्णयको किसानहरुले स्वागत गरेका छन् । कानूनी प्रावधान अनुसार आफूहरुले भारतबाट प्रक्रियागत ढंगले आयात गरेर माछा बेच्न पाउनु पर्ने व्यापारीहरुको माग छ । बिर्तामोड नगरपालिकाको पहलमा झापा जिल्लाका स्थानीय तहहरुको संयुक्त बैठकबाट विषादीयुक्त सडेगलेका माछाजन्य वस्तुहरु बिक्री वितरणमा रोक लगाउने निर्णय कुनै पनि उत्पादक किसानहरुको उक्साहट तथा सुझावमा आएको नभई वास्तविक अनुगमन र विश्लेषणबाट जनस्वास्थ्यलाई मध्यनजर गरि आएको नेपाल माछापालन किसान संघ झापाले जनाएको छ । नेपाल माछा पालन किसान संघ प्रदेश नम्बर १ र जिल्ला समिति झापाले संयुक्त रुपमा बिहीवार बिहान बिर्तामोडमा पत्रकार सम्मेलन गरी त्यस्ता विषादीयुक्त अस्वस्थकर भारतीय माछा उपभोग नगर्नका लागि आम उपभोक्ता र उपभोक्ता अधिकारवादी संघसंस्थालाई आह्वान गरेका हुन् । पत्रकार सम्मेलनमा अहिले सञ्चारमाध्यममा व्यवसायीले ' झापामा उत्पादित माछाले बजार मागको २० प्रतिशतपनि पूर्ति नगर्ने' भन्ने जस्ता कुरा भ्रामक भएको बताइएको छ । पंगास जातको माछा झापामा मागभन्दा बढी उत्पादन भएको नेपाल माछापालन किसान संघ प्रदेश नम्बर १ का वरिष्ठ उपाध्यक्ष मोहन शिवाकोटीले जानकारी दिए । उनका अनुसार झापा कार्प जातका माछामा समेत

❖ बाँकी अन्तिम पृष्ठमा






# मंगलबार लाग्ने सूर्यग्रहण नेपालको सबै भूभागबाट देख्न सकिने

झापा । आउने मंगलबार लाग्ने खण्डग्रास सूर्यग्रहण

नेपालको सबै भू-भागबाट पश्चिम-दक्षिण-पश्चिम भागमा देख्न सकिने विज्ञको भनाइ छ । बीपी

कोइराला मेमोरियल प्लानेटरीयम एण्ड अब्जरभेटरी विज्ञान सङ्ग्रहालयका अनुसार

नेपालबाट सूर्यास्तको समयमा क्षितिजबाट लगभग ७ देखि १३ डिग्रीको उचाइ कोणमा सूर्य अवस्थित हुँदा सूर्यग्रहण पूर्ण अवधिसम्म अवलोकन गर्न भने सकिने छैन ।

काठमाडौंबाट अवलोकन हुने सूर्यको ३७.७ प्रतिशत भाग मात्र ग्रहण लागेको देख्न सकिने अब्जरभेटरीका निमित्त कार्यकारी निर्देशक एवम् खगोलविद् डा. सनतकुमार शर्मीले बताए । नेपालमा कात्तिक ८ गते मंगलबार साँझ ४:५३ बाट खण्डग्रास सूर्यग्रहण लाग्नेछ । ग्रहणको समाप्ति साँझ ५:२६ मा हुने बताइएकोछ । नेपालमा करिब ३३ मिनेट मात्र ग्रहण देखिने शर्माले बताए ।

**खुल्ला आँखाले हेर्न हुँदैन**

सूर्यग्रहणलाई खाली आँखा, बाइनाकुलर वा टेलिस्कोपको प्रयोग गरेर अवलोकन गर्न नहुने डा. शर्माले बताए। उनले भने, 'खुल्ला आँखाले सूर्यग्रहणको

अवलोकन गरेमा आँखा सदाका लागि बिग्रिने सम्भावना रहन्छ । साथै ध्वाँसो लगाएको ऐना तथा पानीमा समेत सूर्यको प्रतिबिम्बलाई अवलोकन गर्नुहुँदैन ।

हिमाल आरोहणमा प्रयोग गरिने विशेष प्रकारको गाढा रङ्गको धातु लेपन भएको चस्माबाट मात्र यसको अवलोकन गर्न सकिने उहाँले बताउनुभयो । साधारण चस्माबाट यसको अवलोकन गर्न नहुने शर्माले बताए ।

खण्डग्रास सूर्यग्रहण लागेका बेला केही राशिका मान्छेले हेर्न हुने केहीले नहुने भन्ने आधारहरू वैज्ञानिक रूपमा सत्य नरहेको उनको भनाइ छ । डा. शर्माले भने, 'यो खण्डग्रास सूर्यग्रहण हेर्दा केही राशीलाई राम्रो हुने, केही राशीलाई नराम्रो हुनेजस्ता कुराहरू बाहिर आए पनि वैज्ञानिक रूपमा यो सत्य छैन ।

सूर्यग्रहणको समयमा मानवमा पर्ने प्रभावका सम्बन्धमा हालसम्म कुनै पनि वैज्ञानिक आधारहरू प्राप्त हुन नसकेको उनले बताए ।

**के हो सूर्यग्रहण**

सूर्य र पृथ्वीको बीचमा चन्द्रमा आउँदा

चन्द्रमाले सूर्यबाट आएको प्रकाशलाई छेक्दा यसको छाँया पृथ्वीमा पर्न गई सूर्यग्रहण हुन जान्छ । सूर्यग्रहण केवल चन्द्रमाको न्यून मून फेजमा मात्र लाग्न सम्भव हुने विज्ञ शर्माले बताए । खण्डग्रास, खग्रास तथा वलयाकार सूर्यग्रहण विभिन्न खगोलीय अवस्थामा निर्भर गर्छ ।

सूर्य पृथ्वीबाट लगभग १५ करोड कि.मी. टाढा छ । यसको ब्यास पृथ्वीभन्दा १०९ गुणा ठूलो छ । चन्द्रमाको ब्यास पृथ्वीको एक चौथाइ मात्र छ । तौल तीन लाख ३३ हजार गुणा बढी छ । यसको बाहिरी सतहको तापक्रम लगभग ६ हजार डिग्री सेन्टिग्रेड र केन्द्रको तापक्रम एक करोड ५० लाख डिग्री सेन्टिग्रेड रहेको छ ।

सूर्य पृथ्वीको सबभन्दा निकट रहेको एउटा सामान्य प्रकारको तारा हो ।

सौर्यमण्डलका सम्पूर्ण ग्रहहरू आफ्नो कक्षमा परिभ्रमण गर्नका साथै सूर्यको वरिपरि पनि परिभ्रमण गरिरहेका हुन्छन् । पृथ्वी आफ्नो कक्षमा पश्चिमबाट पूर्वीतर परिभ्रमण गर्नुका साथै सूर्यको वरिपरि पनि परिभ्रमण गरिरहेको हुन्छ ।सामान्यतः व्याख्या गर्दा सूर्य र पृथ्वीको बीचमा चन्द्रमा आएर पृथ्वीमा पर्ने सूर्यको प्रकाशलाई पूर्ण वा आंशिक रूपमा छेकेमा अर्थात् चन्द्रमाको छाँया पृथ्वीमा पर्न गएमा छाँया परेको स्थानमा सूर्यग्रहण लाग्न जान्छ ।

सूर्यग्रहण खग्रास, खण्डग्रास वा बलयाकारको हुनसक्छ । पृथ्वीको एक स्थानमा खग्रास सूर्यग्रहण लागेपछि साधारणतया उक्त स्थानमा पुनः ३७५ वर्ष पछि मात्र लाग्छ ।

चन्द्रमाको त्रिज्या पृथ्वीभन्दा धेरै सानो भएकाले चन्द्र र सूर्य गोलामा बाहिर स्पर्श रेखाद्वारा निर्मित शङ्कु छायाँभित्र पृथ्वी पूर्णरूपले नपर्ने हुँदा पृथ्वीको केही निश्चित भागबाट मात्र सूर्यग्रहण अवलोकन गर्न सकिन्छ । चन्द्रमाले सूर्यबाट आएको प्रकाशलाई छेक्नाले पृथ्वीमा सघन छायाँ पर्न गई पृथ्वीको सो भागमा अवस्थित व्यक्तिहरूले खग्रास सूर्यग्रहण अवलोकन गर्न सक्छ ।

चन्द्रमाले सूर्यको केही भागलाई मात्र छेक्ने स्थानमा अवस्थित व्यक्तिहरूले केवल खण्डग्रास सूर्यग्रहण मात्र अवलोकन गर्ने अवसर प्राप्त गर्छ ।

# नवौं राष्ट्रिय खेलकुदको भव्य समापन

झापा । प्रधानमन्त्री शेरबहादुर देउवाले सीमित साधनस्रोतका बावजुद खेलका माध्यमबाट नेपाली खेलाडीले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताएका छन्।
नवौं राष्ट्रिय खेलकुदको बिहीवार पोखरामा आयोजित समापन समारोहमा उनले
नेपाली खेलाडीले राष्ट्रिय एवं अन्तर




ाष्ट्रियरूपमा उत्कृष्ट प्रदर्शन गरी देशको गरिमालाई उँचो बनाएको बताए।
राज्यमा खेलको विशिष्ट महत्व रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले यसको विकासका लागि राज्यको लगानीसँगै निजी क्षेत्रको लगानीलाई पनि प्रोत्साहित गरिनुपर्नेमा जोड दिए। स्थानीय एवं प्रदेशस्तरमा खेलको विकासका लागि पूर्वाधारलगायतलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ।

नवौं राष्ट्रिय खेलकुदका सन्दर्भमा बनेका तथा स्तरोन्नति गरिएका पूर्वाधारको संरक्षण गर्नुपर्नेमा उनले जोड दिए। नवौं राष्ट्रिय खेलकुदलाई सम्पन्न गर्न खट्ने युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्लगायतलाई प्रधानमन्त्रीले धन्यवाद दिए।

यस राष्ट्रिय खेलकुदले खेल क्षेत्रका लागि विशिष्ट योगदान गरेको बताउँदै उनले राष्ट्रिय खेलकुदलाई नियमित र व्यवस्थित गर्दै लैजानुपर्ने आवश्यकता औँल्याए। नवौं राष्ट्रिय खेलकुदका क्रममा ज्यान गुमाएका प्याराग्लाइडिङका खेलाडी निमिस थापाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै प्रधानमन्त्रीले शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरे।
कार्यक्रममा युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले नवौं राष्ट्रिय खेलकुद नेपाली खेल क्षेत्रका लागि महत्वपूर्ण बनेको बताए। गण्डकी प्रदेशमा सम्पन्न यस प्रतियोगिताले खेल क्षेत्रमा नयाँनयाँ प्रतिभासमेत स्थापित गरेको उल्लेख गर्दै उनले गण्डकी प्रदेशको खेलको सम्भावनालाई थप उजागर गरेको बताए। खेल क्षेत्रको विकास सरकारको प्राथमिकतामा रहेको बताउँदै उनले आगामी दिनमा यस क्षेत्रलाई अझै व्यवस्थित गर्दै लगिने विश्वास व्यक्त गरे। राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइरालाले नवौं राष्ट्रिय खेलकुदले गण्डकीलाई खेलको केन्द्रका रूपमा स्थापित गरेको बताए। खेललाई सम्पन्न गराउन योगदान गर्ने सबैप्रति उनले धन्यवाद व्यक्त गरे।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले नवौं राष्ट्रिय खेलकुदअन्तर्गतका खेल भव्यताका साथ सम्पन्न भएको बताए। राष्ट्रिय खेलकुद परिषद्को ११५औं बोर्ड बैठकले आगामी १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णालीमा गर्ने निर्णय गरेको उनले जानकारी दिए।
पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गण्डकी प्रदेशको राजधानीमा सम्पन्न खेलले यहाँको खेलका सम्भावनालाई उजागर गरेको बताए।
खेलकुदको समग्र विकासमा राज्यको ध्यान पुग्नुपर्नेमा उनले जोड दिए।

# भद्रपुरका दुई युवा वैज्ञानिक सम्मानित

भद्रपुर । भद्रपुर ५ स्थित सिद्धार्थ शिशुसदनमा अध्ययन पूरा गरी इञ्जिनियरिङमा स्थापित दुई युवालाई विद्यालयले सम्मान गरेको छ ।
भौतिक शास्त्र सिद्धान्तको प्रतिपादन गरी वैज्ञानिकका रूपमा प्रसिद्ध बनेका पूर्व विद्यार्थीद्वय आरिफ अली र दिव्यराज सापकोटालाई विद्यालय परिसरमा सम्मान गरिएको हो ।
वैज्ञानिक न्युटनको बिषयमा जोडिएर भौतिकशास्त्र सिद्धान्तका प्रतिपादकको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत पहिचान बनाउन सफल भएको भन्दै विद्यालय परिवारले बधाईसहित सम्मानपत्रले सम्मान गरेको थियो ।
विद्यालयका प्रधान अध्यापक श्याम देवानको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।
कार्यक्रममा सम्मानित व्यक्तित्व अरिफ अली, आरोही इन्भेस्टमेन्ट कम्पनीका अध्यक्ष रमेश पोखरेललगायतले शुभकामना मन्तव्य राखेका थिए भने प्रकाश भण्डारीले
सञ्चालन र स्वागत मन्तव्य विद्यालय संचालक समिति सदस्य विजय तिम्सिनाले गरेका थिए ।


# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।





# झापा गापाका जनप्रतिनिधिलाई सम्मान

कुमरखोद । झापा गाउँपालिका वडा नं २ मा रहेको कुवाडी देवी माविले छात्रवृत्ति कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरुलाई सम्मान गरेको छ ।

कार्यक्रममा १५० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको छ । छात्रवृत्तिमा दलित विद्यार्थीलाई ४ सय र सिमान्तकृतका विद्यार्थीहरुलाई ५ सय रुपैयाँका



दरले वितरण गरिएको हो । कार्यक्रममा विद्यार्थीहरुले गीतनृत्य प्रस्तुत गरेका थिए । विद्यालयका प्रधानाध्यापक मुकेश कर्णका अनुसार स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिहरुलाई सम्मान गरिएको थिएन । छात्रवृत्ति कार्यक्रममा अध्यक्ष , उपाध्यक्ष र वडा अध्यक्षलाई सम्मान गरिएको उनले बताए ।
उक्त विद्यालयमा कक्षा १ देखि १० सम्मको पढाई हुने गरेको छ । विद्यालयमा विद्यार्थी ४८७ जना र शिक्षक २१ जना रहेका छन् ।
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईन्द्रबहादुर खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि झापा गाउँपालिका अध्यक्ष जयनारायण शाह, विशिष्ट अतिथि उपाध्यक्ष अन्जुदेवी थपलिया , वडा अध्यक्ष हिमालकुमार चम्लागाईलगायतका जनप्रतिनिधिहरुलाई सम्मान गरिएको थियो । शिक्षिका जमुना न्यौपानेले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन रोशन गणेशले गरेका थिए ।

## बिषादीयुक्त...

आत्मनिर्भर बन्नेतर्फ अगाडी बढिरहेको छ ।
कृषिथोक बजारमा रहेका माछा व्यापारीहरुले विषादीयुक्त मरेको भारतीय माछाको बिक्री गर्नुपर्ने माग राखेको र बजारमा कृतिम अभाव देखाउन विगत दुई दिनदेखि किसानसँग माछा नकिनेको नेपाल माछापालन किसान संघ जिल्ला समिति झापाका अध्यक्ष होम सिटौलाले बताए ।

किसानहरुले नेपालमै उत्पादन भएको जिउँदो माछा भारतीय माछाभन्दा सस्तो मूल्यमा दिँदासमेत व्यापारीहरु अस्वस्थ्यकर माछा नै बेच्न पाउनु पर्ने माग किन राखिराखेका छन् ? भन्दै सिटौलाले आश्चर्य व्यक्त गरे ।
कार्यक्रममा सहभागी रारा कृषि फर्मका सञ्चालक कपिल न्यौपानेले वैधानिक तवरबाट भारतीय माछा नेपाल ल्याउँदा नेपाली जिउँदो माछाभन्दा महंगो पर्ने बताए । भारतीय माछाहरु भारतीय सीमा नजिकको बजारमा ल्याएर ग्रेडिङ गरिने र सड्न लागेको माछा सस्तो मूल्यमा अवैध ढंगबाट नेपाल भित्र्याइने गरेकोसमेत उनले बताए । उनले पैसाको लोभमा व्यापारीले जनस्वास्थ्यमाथि खेलबाड गरिरहेको आरोप लगाए ।
व्यापारीले भनेजस्तो कार्प जातको माछा झापामा कम उत्पादन भएपनि अन्य जिल्लाहरुमा प्रशस्त उत्पादन भइरहेकालेमरेको, फर्मालिनयुक्त अस्वस्थ्यकर भारतीय माछाको साटो नेपालमै उत्पादित जिउँदो माछा बिक्री गर्न व्यवसायीहरुलाई कार्यक्रममा सहभागी किसानहरुले आग्रह गरे । व्यापारीहरुले कृतिम अभाव सिर्जना गरिरहे किसानहरु आफैँले कृषिथोक बजारमा स्टल राखेर माछा बिक्री गर्ने वरिष्ठ उपाध्यक्ष शिवाकोटीले जानकारी दिए ।
बाह्रदशीस्थित मोनिला मत्स्य फार्मका सञ्चालक रुद्रबहादुर बिष्टले किसानमाथि व्यवसायीहरुले सिण्डिकेट खडा गरेको गुनासो गरे । नेपाली किसानहरुलाई व्यापारीहरुले निरुत्साहित गर्न खोजेको उनले बताए । व्यापारीहरुमा राष्ट्रियताप्रतिको भावना हुनुपर्ने उनको भनाइ छ ।
झापामा करिब ५ सय मत्स्यपालक किसानहरु रहेको बताइएको छ ।






## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री देवी लिम्बु, पश्चिमः सडक, उत्तरः श्री तेज बहादुर विश्वकर्मा, दक्षिणः तेज बहादुर विश्वकर्मा को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री मुना पाख्रिन तामाङ, दिल कुमारी तामाङले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | १९३७१ | १६९.३० | २०७९/०५/२८ | २०७९/०५/२८ | २०७९/०७/०२ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री सन्च माया काम्वाङ्ग को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री जीत बहादुर राईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९-००८०-०८ | ३०९ | १७४.०० | २०७९/०६/०६ | २०७९/०६/०६ | २०७९/०७/०२ |

## पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
Purbanepal Bahu-uddeshyiya Sahakari Sanstha Ltd.

### शेयरधनि सदस्यहरुमा २२ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

मिति: २०७९/०७/०४

प्रस्तुत विषयमा यस पूर्वनेपाल वहुउद्देश्यीय सहकारी संस्था लि. कमल २ झापाको मिति २०७९ साल कार्तिक ०२ गते बसेको सञ्चालक समितिको ७२ औं बैठकको निर्णय अनुसार यहि मिति २०७९ साल मंसिर ०७ गते बुधबार दिन संस्थाको २२ औं वार्षिक साधारणसभा सम्पन्न गर्ने निर्णय भए अनुसार उक्त साधारणसभामा सहभागिताको लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा सम्बन्धी पहिलो संशोधन निर्देशिका २०७६ को अधिनमा रहि सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको साधारणसभा सम्बन्धी निर्णय प्रमाणित गर्न ईकाइगत साधारणसभा गर्नुपर्ने भएकोले निम्न मिति र समयमा प्रतिनिधि छानिने भएको हुदाF आ-आफनो सेवाकेन्द्र अर्न्तगतका ईकाइहरुमा गरिने साधारणसभामा यहाFहरुलाई अनिवार्य उपस्थितिको लागि सूचना गरिएको छ । यसै सूचनालाई आधार मानी ईकाइगत सधारणसभामा सहभागी भई साधारणसभाको प्रतिनिधित्व गरिदिनु हुन हार्दिक अनुरोध छ

प्रस्तावहरुः
१. आ.व. २०७८/०७९ को संचालक समितितर्फबाट अध्यक्षको वार्षिक प्रतिवेदन र आ.व. २०७९/०८० को प्रस्तावित कार्यक्रम सम्बन्धमा ।
२. आ.व. २०७८/०७९ को लेखा सुपरिवेक्षण समितितर्फबाट लेखा सुपरिवेक्षण समितिको संयोजकको वार्षिक प्रतिवेदन
३. आ.व. २०७८/०७९ वार्षिक लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा
४. आ.व. २०७९/०८० का लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा
५. साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट सम्बन्धमा
६. विनियम तथा नियमावली पुनरलेखन सम्बन्धमा
७. नीति तथा कार्यविधि संशोधन तथा निर्माण सम्बन्धमा
८. सदस्यबाट सुझाव सम्बन्धमा
९. विविध

| क्र.स | मिति | सेवाकेन्द्र | सयम | कैफियत |
|---|---|---|---|---|
| १. | २०७९/०७/२५ | विर्तामोड /शनिश्चरे | १२:३० | प्रथम ईकाइ |
| २. | २०७९/०७/२६ | चन्द्रगढी | १०:०० | दोश्रो ईकाइ |
| ३. | २०७९/०७/२६ | धुलावारी मेचिनगर | १:३० | |
| ४. | २०७९/०७/२६ | बुधवारे | १०:०० | |
| ५. | २०७९/०७/२७ | दुधे(शिवसाताक्षी) | १०:०० | तेश्रो ईकाइ |
| ६. | २०७९/०७/२७ | सुरुङ्गा | १:३० | |
| ७. | २०७९/०७/२८ | गौरादह | १०:०० | चौथो ईकाइ |
| ८. | २०७९/०७/२८ | गौरीगञ्ज | १:३० | |
| ९. | २०७९/०७/२९ | मधुमल्ला | १०:०० | पाFचौ ईकाइ |
| १०. | २०७९/०७/२९ | सिंहवाहिनी उर्लावारी | १:३० | |
| ११. | २०७९/०७/३० | दमक | १०:३० | छैठौं ईकाइ |
| १२. | २०७९/०८/०१ | तोपगाछी | १०:३० | सातौं ईकाइ |

**माईन्यूट प्रमाणीकरण साधरणसभा कार्यक्रम**
मिति: २०७९ साल मंसिर ०७ गते बुधबार
स्थान: रोडस्टार पार्टी प्यालेस, कमल-५, झापा
समय: विहान ११:०० बजे

**पुनश्चः**
१. प्रतिवेदन सार्वजनिक : मिति २०७९ साल कार्तिक २३ गते मुख्य कार्यालय कमल २ झापा, समय १:०० बजे
२. मिति २०७९ साल कार्तिक २३ गते देखि संस्थाको सबै सेवाकेन्द्रहरुबाट प्रतिवेदन सदस्यहरुलाई उपलब्ध गराईनेछ
३. कार्यक्रममा सहभागी हुदाF परिवहन खर्चको व्यवस्था गरिएको छ ।

प्रेम सापकोटा
अध्यक्ष

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### स्वतन्त्र उम्मेदवारको चुनौती

झापा क्षेत्र नं ३ मा डम्बरबहादुर गिरीले दिएको स्वतन्त्र उम्मेदवारी टाउको दुखाइ बनेको छ । अघिल्लो निर्वाचन जितेका र यसपटक पनि जित्ने प्रवल संभावना भएका राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन धर्मर अबस्थामा पुगेका छन् । गिरी कांग्रेसका तर्फबाट उम्मेदवार बनेका कृष्णप्रसाद सिटौलाको लागि पनि परेशान बनेका छन् । राजनीतिक प्रतिद्वन्द्वीको सार विचार र राजनीति हुने भए पनि पछिल्लो समयमा नेपालमा यो प्रतिद्वन्द्वीले राजनीतिक चरित्र क्रमशः परित्याग गर्दै जान थालेको देखिएको छ । यसको स्थान स्वतन्त्रता र गैरराजनीतिक चरित्रले ग्रहण गर्न थालेको छ । स्थानीय निर्वाचनका बखत सांकेतिक रूपमा देखिएको यो प्रवृत्ति प्रादेशिक तथा संघीय निर्वाचनका बेलासम्म आइपुग्दा झनै झांगिएर जान थालेको छ। परिणामतः प्रादेशिक तथा संघीय आवधिक निर्वाचनमा स्वतन्त्र उम्मेदवार नै दलका शीर्ष नेताको प्रतिद्वन्द्वीका रूपमा देखापर्न थालेका छन् । चुनावी सरगर्मी बढेसँगै प्रमुख राजनीतिक दलका शीर्ष नेतासहित स्वतन्त्र उम्मेदवार पनि चुनावी कार्यक्रममा निकै व्यस्त रहन थालेका छन् । जनताबीच स्वतन्त्र उम्मेदवारले के भन्दा रहेछन् भनेर जिज्ञासा पैदा भएको अनुभूत गराउने गरी चासो राखेको देखिन थालेको छ । सभामा जनमानसको उपस्थिति, चोक, चिया पसल र भेटघाटको गफगाफमा स्वतन्त्र उम्मेदवार'दयगत टिकाटिप्पणी हुने गरेको छ । तर, यसको तुलनामा राजनीतिक दल र तिनका नेताको एकोहोरो नकारात्मक टिप्पणी मात्र हुने गरेको पाइन्छ । त्यसमा पनि सत्ता गठबन्धन'दयगत त आमजनताबीच निकै तीतो अभिव्यक्ति पाइने गरेको छ ।

यता चुनावी क्रियाशीलताका हिसाबले मत परिणाम आफ्नो पक्षमा पार्न स्वतन्त्र उम्मेदवार राजनीतिक दलका शीर्ष नेताझैं सक्रियताका साथ लागिपरिरहेका छन् । उनीहरू चुनावी मैदानमा उत्तिकै खटिरहेका छन् । चुनावी कार्यक्रमसहित सर्वसाधारणको घरदैलोमा पुगिरहेका छन् । जनसभा, बैठक, भेटघाटलगायत कार्यक्रम पनि गरिरहेका छन् । स्वतन्त्रको यो क्रियाशीलता गठबन्धनका उम्मेदवारलाई निकै भारी परिरहेको छ । देशभरका प्रायः धेरै स्थानमा स्वतन्त्र उम्मेदवारले ठूलो संख्यामा उम्मेदवारी दिएका छन् । यसले गर्दा निर्वाचन परिणाममा ठूलो असर पर्ने देखिन्छ । मत खस्दाका दिनसम्म समर्थन गर्ने भन्ने कुराले त निर्वाचन परिणामलाई निर्णायक नै बनाउनेछ । निकै आक्रामक र विद्वेषपूर्ण बन्दै गएको निर्वाचन माहोल अन्त्यसम्म नसोचेको घात/प्रतिघातसम्म पनि पुग्न सक्छ । पार्टीबीच त अस्वस्थ र अपाच्य प्रतिस्पर्धा छँदैछ, त्यसमा पनि पार्टीभित्रै के हुने हो, त्यो भने हेर्न बाँकी छ ।

# परिस्कृत राजनीतिक दल



•चम्पासिंह भण्डारी

लोकतन्त्रमा राजनीतिक दल व्यवस्थित हुनुपर्छ। राज्यसत्ता सञ्चालन/शासन सञ्चालनको जिम्मेवारी निर्वाचनमार्फत राजनीतिक दलले नै गर्ने हुँदा राजनीतिक दलहरू विधि, प्रक्रिया र विचारधारात्मक रूपमा समृद्ध हुनु जरुरी छ तर नेपालमा अहिले पनि राजनीतिक दलहरूको ध्यान यतातिर जान सकेको छैन। हामीले दिनमा दस पटक गाली गर्ने मुलुक अमेरिकामा मूल रूपमा दुईवटा राजनीतिक दल छन।

हरेक पाँच वर्षमा हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार दर्ता गर्नुअघि झन्डै एक डेढ वर्ष उसले पार्टीका हरेक सङ्गठनबाट मतदानद्वारा विजयी बन्दै आउनुपर्छ। पार्टीका हरेक सङ्गठनबाट दरिलो जनमत पाएपछि मात्रै उसले देशको राष्ट्रपतिको उम्मेदवार हुन पाउँछ। हामीकहाँ तल्ला कमिटीबाट सर्वसम्मत निर्णय भई आउने नामहरू समेतलाई हटाउन सक्ने गजबको पद्धति स्थापित हुँदै आएको छ।

नेपालका राजनीतिक दलहरू फुट र विभाजनको प्रक्रियाबाट अघि बढिरहेका छन। आ-आफ्नै पार्टीको शक्ति सन्तुलन मिलाउनमा व्यस्त हाम्रा राजनीतिक दल देश र जनताप्रति उत्तरदायी बन्न सकिरहेका छैनन। मुलुकमा विद्यमान अन्योलपूर्ण राजनीतिसँगै देशको समग्र अर्थतन्त्रको अवस्था खस्किँदै गएको छ। मुद्रास्फिति दर उच्च रूपमा बढिरहेको छ। आमउपभोक्ता लोडसेडिङ, महँगी तथा बढदो बेरोजागरी, घटदो क्रयशक्तिका कारण दैनिक जीवन कष्टप्रद बन्दै गइरहेको छ। दण्डहीनताले सीमा नाघेको छ। अराजकता बढेको छ र नेपाली समाजमा निराशा तीव्र गतिमा बढिरहेको छ। कहीं कतैबाट हेर्दा पनि सन्तोष गर्नलायक काम र गतिविधि छैनन। यस्तो अवस्थामा

नेपालमा लोकतन्त्रको संस्थागत विकास, सामाजिक न्याय स्थापना होस भन्ने सदीक्षा राख्ने मित्रराष्ट्रहरूको समेत मन कुडिँदै गएको छ। लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिका बलियो, सङ्गठित, अनुशासित र क्रियाशील हुनुपर्ने हो। राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र बलियो भए मात्रै पार्टीहरू बलियो हुन्छ र बलिया राजनीतिक दलहरूको क्रियाशीलताले नै लोकतन्त्रको संस्थागत विकास हुने हो। नेपालका राजनीतिक दलहरू क्रमशः सिद्धान्तविहीन, विचारविहीन, पद्धति र प्रणाली विहीन बन्दै जाँदा राजनीतिप्रतिको आमनागरिकको विश्वास घटदो क्रममा छ। समस्या छ - चिन्तनमा, व्यवहारमा र उच्च आकाङ्क्षा एवं छोटेराजा बन्ने चाहनामा। पाएको पद कहिले नगुमोस, आएको अवसर हातबाट कहिले नफुत्कोस र आफ्नो एकल निर्णय हुकुम आदेशका रूपमा सधैँ चलिरहोस भन्ने देखिन्छ कूटनीतिमा। दलहरूको संरचना कार्य समिति, महाधिवेशन वा अन्य फोरममा चल्ने बहसलाई आफूकेन्द्रित बनाउने रणनीति, सधैँ आफूले गरेका वा आफूबाट भएका भूल तथा गल्तीहरूलाई स्वीकार नगर्ने प्रवृत्ति, शक्तिकेन्द्रका रूपमा आफ्नो वरिपरि एउटा झुण्ड बनाएर आफ्नो सत्तास्वार्थको स्वर्ग सधैँ जीवित राख्ने अवस्था विद्यमान रहेको छ।

लोकतन्त्र सिद्धान्त मात्रै होइन, यो व्यवहारमा, जीवन पद्धति र आचरणमा देखिनुपर्छ। लोकतान्त्रिक मूल्यमान्यताले निर्वाचनलाई आफ्नो मुटु ठान्दछ। लोकतन्त्रमा दलहरूको अस्तित्व छ र त बहुलता छ। कानुनी शासनको अर्थ जनमतमा आधारित शासन प्रणालीको अवलम्बनको माग गर्छ। निर्णय प्रक्रियामा बहुसंख्यक विचारहरूको सहभागिताको माग गर्छ। आफ्ना विचार राख्ने र अरूका विचार सुन्ने क्षमताको माग गर्छ। लोकतन्त्रमा आमसहमतिको प्रयास र प्रयत्नहरूलाई मूर्त रूप दिनुपर्ने अपेक्षा गरिन्छ।

लोकतान्त्रिक शासन प्रणालीमा लोककल्याणकारी शासन प्रक्रिया जहाँ सबै वर्ग क्षेत्रको समानुपातिक सहभागिता र पहुँचको अवस्था सिर्जना गरिएको हुनुपर्छ। सामाजिक न्यायको परिकल्पना लोकतान्त्रिक शासन प्रणालीमा मात्रै सम्भव छ जहाँ मानिसहरूले राम्रो र नराम्रो देख्नुको प्रतिक्रियालाई स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्न सक्छ। शक्तिको विकेन्द्रीकरण नहुने, सबैका सहभागिता र काम कर्तव्य, जिम्मेवारीको बाडफांटमा पनि आफूअनुकूल हुने अमूक समूहलाई बोकी राख्ने व्यवहारले मुलुकका राजनीतिक दलका शीर्ष नेतृत्वले सिङ्गो मुलुकलाई अनिर्णयको बन्दी बनाई राख्ने अवस्थाले समाधानका सम्भावना न्यून हुँदै गएका हुन। यस्ता चिन्तन प्रकृति र व्यवहारबाट मुक्त हुन नसक्ने अवस्थासम्म नेपालको राजनीति सरल रूपमा अघि बढन सक्दैन। सरकारी सेवा सुविधा आवश्यक छन। राज्य सञ्चालन गर्ने जिम्मेवार व्यक्तिहरूले जोगी हुनुपर्छ भन्ने प्लेटोको सिद्धान्त आजको युगमा मेल खादैन तर जसरी हुन्छ सत्तामा जाउँ, सत्तामा टिकीराख र अपराध गरिराख, प्राप्त गरिएको शक्तिले तिम्रा सबै अपराध क्षम्य हुन्छन भन्ने मेकियावेलीको सिद्धान्तको अवलम्बन गर्ने हाम्रा राजनेताहरूले आफ्नो व्यवहारमा परिवर्तन गर्न, सोच र चिन्तनमा परिवर्तन गर्नु आवश्यक छ। सरकारी सेवा सुविधामा सधैँ ऱ्याल काढने, पाएको सुविधा अनन्तकालसम्म छोडन नपरोस भन्ने आशा राख्ने चिन्तनले आजको राजनीति अस्थिर हुँदैछ। यो अवस्थाको अन्त्य आवश्यक छ।

नागरिकलाई अनुशासित, मर्यादित एवं राष्ट्रप्रति निष्ठावान बनाउँदै राष्ट्र र समाजप्रति समर्पणको भावना विकास गराउन, राष्ट्रको सार्वभौमसत्ता, एकता र अखण्डताको रक्षा गर्न, समाजमा शान्ति सुव्यवस्था कायम राख्न, विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति, विभिन्न वर्ग र समुदायबीच सदभाव, सहिष्णुता र ऐक्यबद्धता कायम राख्न, व्यवस्थित रूपमा राज्य सञ्चालन गर्नका लागि नेपालको विविधतालाई स्वीकार गर्नैपर्छ। सीमान्तकृत, उपेक्षित तथा बहिस्कृतमा परेका समुदायको हक अधिकार स्थापित गर्दै राज्यले विशेषखालको योजना र कार्यनीतिहरू अवलम्बन गरी अघि बढाउनु आवश्यक छ।

दुनियाँका सबै सिद्धान्त, वाद तथा दर्शनको मियो मानव जीवनको समृद्धि, प्रगति र नागरिक जीवन सहज बनाउने परिकल्पनामा टिकेको छ। साम्यवाददेखि लिएर समाजवाद सबैको उद्देश्य नागरिक जीवनको समृद्धि र प्रगतिका लागि नै हो। भारतमा महात्मा गान्धीले अहिंसात्मक आन्दोलनको थालनीको एउटै उद्देश्य थियो, मानिसहरूको जीवनमा असहजता नआओस भन्ने। चीनमा माओत्सेतुगले सशस्त्र जनयुद्धको थालनी गर्दाको उद्देश्य थियो, भावी पुस्ताले अभाव र गरिबीको दुस्चक्र भोग्न नपरोस। दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाको जीवन जेलमा बिताउँदा उनको उद्देश्य थियो, फेरि त्यो मुलुकमा काला र गोराबीचको विभेद नहोस भन्ने। नेपालको राजनीतिक इतिहासमा नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइराला र कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठले निरंकुश शासन व्यवस्थाका विरुद्धमा जेहाड छेडनुका पछाडि भावी पुस्तालाई एउटा असल शासन, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित कानुनी शासन स्थापना गर्दै नेपाली जनताको जीवनस्तरमा निरन्तर प्रगति र समृद्धिको सपना देखेका थिए। तर विडम्बना, आज पनि मुलुकमा खान नपाएर ज्यान गुमाउनेका कथाहरू सार्वजनिक हुन छोडेका छैनन। पद र अवसरको दुरुपयोग गरेर जनताले तिरेको करमाथिको ब्रह्मलुट गरेका बेतिथिहरू सार्वजनिक हुन छोडेका छैनन। सिटामोल नपाएर मर्नु परेका घटना हुन वा आवश्यक उपचारको अभावमा गर्भवती महिलाले बच्चा जन्माउन नसकेर जीवन समाप्त भएका घटना हुन वा साँझ बिहानको खानाको जोहो गर्न नसकेर बालबच्चासहित आत्महत्या गर्नुपरेका घटनाहरू र दैनिक सवारी दुर्घटनामा परी जीवन समाप्त हुने घटनामा कमी आएको छैन। वर्षौंपछि पनि मुक्त भनिएका कमैया र मुक्त कम्लहरीको जीवन सहज भएको छैन। छुवाछूतमुक्त नेपाल घोषणामै सीमित छ। महिला सहभागिता स्थानीय निर्वाचन तथा आसन्न संघ र प्रदेश सभाको निर्वाचनमा महिला उम्मेदवारहरूको संख्या क्रमशः खुम्चिँदै गएको छ। नेपाली युवा जनशक्ति मुलुकबाट निरन्तर बाहिरिँदैछ, गाउँघरमा काम गर्न नसक्ने र अरूको सहयोगमा बाँच्नुपर्ने ज्येष्ठ नागरिकहरू मात्रै अहजताका साथ बाँचिरहनु भएको छ। हामीसँग भएको खेतबारी बाझैं हुन थालेको छ किनकि कृषिमा काम गर्न सक्ने जनशक्ति बिस्तारै बाहिरिँदैछ। अलिकति पढेलेखेका र सामान्य सरकारी वा गैरसरकारी क्षेत्रमा जागिर खाइरहेका मानिससँग कृषि गर्ने जोस, जागर, सीप र इच्छाशक्ति केही बाँकी छैन। उनीहरू कृषि पेसामा काम गर्नु भनेको अपमान ठान्दछन। श्रमका लागि हामीसँग न कुनै उद्योग कलकारखाना केही छैनन। कृषि श्रमले रोजगारी नियमित दिन सक्दैन। महँगी बढेको छ। ग्रामीण इलाकामा उत्पादित मूल्यको बजार छैन। आर्थिक क्रियाकलाप ठप्प छन। यसकारण पनि आमनागरिकको क्रयशक्ति निरन्तर ओरालो लागेको छ। प्राकृतिक प्रकोपमा परेर धानबाली सबै डुबानमा परेका छन। बहुदलीय राजनीतिक प्रणालीमा सबै विचार र सिद्धान्तको कदर गर्नुपर्छ। अरूका कुरा सुन्न सक्ने क्षमता व्यक्ति व्यक्तिमा पलाउनु पर्छ। अरूका कुरा सुन्नै नसक्ने, आफूलाई भन्दा अरूलाई परिवर्तनकारी नदेख्ने, आफूभन्दा अरू पार्टी भनेका कसैका खेताला हुनजस्ता अभिव्यक्ति दिने, अहंकार, आक्रोश र मुढे बलका आधारमा अघि बढन चाहने अवस्थाले बहुलतालाई स्वीकार्दैन। बहुलता स्वीकार नगर्ने कुरा प्रकारान्तरले प्रतिगमन नै हो। बहुलता र लोकतन्त्रभित्र अरूका कुरा सुन्ने, अल्पमतको कदर गर्ने, सबैका विचार असल हुन सक्छन तर त्यसले व्यवहारमा जनताको जीवनमा परिवर्तन ल्याउन सक्ने नीति र कार्यक्रमको विकल्प दिनुपर्छ भन्ने ज्ञान पलाउनु जरुरी छ। कानुनको शासन, बहुलताको सबैभन्दा ठूलो तत्व हो। शासन व्यक्तिको लहडको आधारमा होइन, विधि, प्रक्रिया र कानुनबमोजिम हुनुपर्छ।

आमनागरिकले पटक-पटक नेपालका राजनीतिक दलप्रति आफ्नो विश्वास प्रकट गरेका छन र राजनीतिक दलद्वारा आह्वान गरिएका विभिन्न राजनीतिक आन्दोलनमा बिना हिचकिचाहट आफ्नो संलग्नता र सहभागिता जनाएका छन। निर्वाचनका माध्यमद्वारा आफ्नो मत प्रकट गरी सरकार निर्माणको बाटोमा निरन्तर पुऱ्याउँदै आएका छन। नेपालका राजनीतिक दलहरूलाई नेपाली जनताले दिएको अवसरको सदुपयोग वा दुरुपयोग गर्ने जिम्मेवारी दलकै काँधमा थियो। लोकतन्त्रका मूलूयमान्यता र व्यवहारहरूको अनुसरण गर्ने जिम्मा दलहरूकै थियो तर त्यो जिम्मेवारीबोध हाम्रा नेताहरूले गरे कि गरेनन त्यसको निर्मम समीक्षा आजको आवश्यकता हो।

# बिषादीयुक्त भारतीय माछाको उपभोग बहिष्कार गर्न आव्हान

• मेघेन्द्र विश्वकर्मा

मंसिर ४ मा निर्धारित प्रतिनिधि/प्रदेशसभाको निर्वाचनका लागि उम्मेवारीका सन्दर्भमा केही नाटकीय परिदृश्यहरू देखिए। जब राजनीतिमा मूल्य, निष्ठा र त्यागको अवसान हुन्छ। तब समाजमा सत्तास्वार्थ, दाउपेच र महत्त्वाकांक्षाले शिर उठाउँछ। सत्ताभोगी र सत्ताकांक्षी पात्रहरूको व्यवहारले प्रवृत्तिको आकार ग्रहण गर्छ। त्यो राजनीतिक संस्कृतिकै रूपमा विकास हुन्छ। अहिलेको परिदृश्यले संसदीय राजनीतिमा पदको सौदाबाजीलाई अरू बढी महत्त्व दिएको छ। यसले दलीय राजनीतिमा देखिँदै आएको चरम् सत्तामोहलाई प्रोत्साहित मात्रै गरेको छैन। राजनीतिक आचरण, सिद्धान्त र निष्ठाको विषयलाई झनै पेचिलो बनाइदिएको छ।

यो परिघटना नेपाली राजनीतिमा सबैभन्दा बलियो शक्तिको रूपमा रहेको नेकपा (एमाले) लाई कमजोर बनाउन केही वर्ष अघिदेखि चालिएको नियोजित योजनाहरूको पट्टाक्षेप हो। यी प्रत्येक घटनाहरू एकअर्कासँग प्रत्यक्ष, अप्रत्यक्ष जोडिन्छन्। तसर्थ, यिनीहरूलाई अलगअलग ढंगले नबुझी एमालेविरुद्धको सिलसिलाबद्ध आक्रमणको रूपमा लिइनु उपयुक्त हुन्छ। एमाले स्थायी कमिटी सदस्य घनश्याम भुसालले टिकट नपाएको भन्दै पार्टी परित्यागको घोषणा गरे। त्यस घटनालाई केहीले नेताहरूको सत्तामोह र शक्ति आर्जनको चाहनालाई जोडेर व्याख्या गरेका छन्। विचारक हुन् वा चिन्तक वा ज्ञाता नै किन नहुन्, केहीले यस घटनाप्रति कटाक्ष गर्दै सत्ताभोगका निम्ति आफ्ना राजनीतिक आदर्श र मूल्यहरूको सहजै अवमूल्यन गर्न सक्छन् भने उदाहरणको रूपमा लिए। केहीले चाहिँ अवसर प्रदान गर्ने कुरामा पार्टी नेतृत्व पूर्वाग्रही रहेको र राजनीतिक अस्थित्वको रक्षाका निम्ति पार्टी परित्याग गर्नु सही रहेको भन्ने तर्क गरेको पाइयो। कसैले चाहिँ उनलाई एमालेलाई कमजोर बनाउनका निम्ति प्रयोग भएका एक पात्र हुन्। टिकटको विषय त देखाउने फगत् बहाना मात्रै थियो समेत भनेका छन्।

उनको पार्टी परित्यागको विषयलाई लिएर गरिएका अरू विश्लेषण त सामान्य नै देखिन्छन्। तर यदि उनलाई एमाले सक्ने हतियारका रूपमा निश्चित मिसनअन्तर्गत कसैले योजनाबद्ध प्रयोग गरेको हो भने त्यो चाहिँ उनको दशकौंको राजनीतिक जीवनमा उनीमाथि आइपरेको गम्भीर संकट हो। यस विषयप्रति उनी स्वयं प्रष्ट हुनु त पर्ने नै छ,। त्यससँगै उनले सार्वजनिक रूपमा जवाफ नदिई उम्कने छुट हुन्न। सत्य के हो भन्ने त समयक्रमसँगै खुल्दै जाला । जे होस्, उनको एमाले परित्यागपछि स्वतन्त्र भनिए पनि सत्ता गठबन्धनको समर्थनमा उम्मेदवार बन्ने विषयसँग जोडेर राजनीतिक वृत्तमा पक्ष विपक्षमा अनेकौ तर्कहरू उठ्नु अस्वाभाविक होइन। यद्यपि घनश्याम भुसालजस्तो एमालेको हस्तीले चुनाव लड्ने अवसर प्राप्त नहुँदैमा पार्टी जीवनको संकटपूर्ण र विशिष्ट क्षणमा सामान्य विषयमा कसरी पार्टी परित्याग गर्ने कठोर निर्णय गर्न पुगे भन्ने विषयले अवश्यै मुलुकको राजनीतिमा धेरथोर महत्त्व राख्ला। तसर्थ, आम जनमानसमा उनको राजनीतिक निर्णयका सम्बन्धमा व्यक्त भएका दृष्टिकोणहरू सही वा गलत के हुन् भन्ने छुट्ट्याउनु अगाडि उनको विगतको राजनीतिक जीवनमा फर्कनु उचित हुन्छ। घनश्याम भुसाल नेपाली वामपन्थी आन्दोलनका वैचारिक व्यक्तित्व र मार्क्सवादका व्याख्याता मानिन्छन्। उनी नेकपा (माले) निकट विद्यार्थी संगठनको महासचिवबाट पार्टी राजनीतिमा उदाएका हुन्। मदन भण्डारीको नेतृत्वमा रहेको नेकपा (माले), सन् १९७८ र मनमोहन अधिकारी नेतृत्वको नेकपा (मार्क्सवादी) सन् १९८७ बीचको एकतापश्चात् सन् १९९१ मा गठन भएको नेकपा (एमाले) को भुसाल संस्थापकमध्ये एक रहे। वामपन्थी आन्दोलनमा बौद्धिक र भौतिक हिसाबले उल्लेखनीय योगदान गरेका र तुलनात्मक रूपमा युवा पंक्तिले रुचाएका पात्र हुन्। पार्टी राजनीतिमा भने सधैंजसो विद्रोही नेताको भूमिकामा रहँदै आएका छन्। उनका प्रायजसो राजनीतिक वैचारिक दृष्टिकोणहरू पार्टीको संस्थापन निर्णयविपरीत खेमामा देखिन्छन्।

एमालेले साढे चार दशकको पार्टी जीवनमा आन्तरिक र बाह्य दुवै हिसाबले थुप्रै चुनौतीहरूको सामना गर्दै आएको छ। पार्टी एकताको एक दशक पनि नबित्दै वि.सं. २०५४ मा वामदेव गौतम र सीपी मैनालीहरूको नेतृत्वमा एमाले विभाजन गरी नेकपा (माले) गठन गरे। पार्टी फुटाउने वामदेवहरूको कदममा घनश्याम भुसालले पूर्णत साथ दिएका थिए। नेकपा (माले) ले प्रतिनिधिसभामा एक सिट पनि जित हासिल गर्न नसकेपछि फुटको औचित्य पुष्टि हुन सकेन। बरु माओवादी युद्धप्रति बढी नरम रहेकोले उसलाई 'भूमिगत नभएको माओवादी' को आरोप लाग्यो। २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा गठित अल्पमतको सरकारले संसदीय व्यवस्थाको इतिहासमै विकास र सामाजिक सुरक्षाका लोकप्रिय कार्यक्रमहरू लागू गरेपश्चात् स्थापित पार्टीको छविमाथि वामदेवहरूको फुटपरस्त प्रवृत्तिले संसद्को प्रमुख शक्ति हुनबाट एमालेलाई धक्का पुग्यो। तर नेतृत्वको पार्टी विभाजन गर्ने कदमलाई रोक्न पहल गर्नुको बदला त्यसको पक्षमा स्पष्ट रूपमा भुसाल उभिएका थिए। एमालेको आठौं महाधिवेशनमा पार्टी अध्यक्ष केपी शर्मा ओली र झलनाथ खनालको बीचमा भएको प्रतिस्पर्धाताका प्रधानमन्त्री प्रचण्ड थिए। झलनाथ खनाललाई निर्वाचनमा जिताएरै छाड्ने लक्ष्य अनुरूप सत्ताशक्तिको ठूलो दुरुपयोग भएको भन्ने बारे जानकारी नराख्ने कमै होलान्। त्यसबेला माले गठन गर्दाताकाका सबै शक्ति र माधव नेपालसमेतको समर्थनमा केपी ओलीलाई हराइएको थियो। उक्त महाधिवेशनमा घनश्याम भुसाल झलनाथ खनालकै पछि उभिनुले उनी पार्टीमा केपी ओलीलाई मूल नेतृत्व मान्न तयार देखिँदैनथे भन्ने बुझ्न कठिन छैन। त्यससँगै भुसालले मदन भण्डारीले विकास गरेको र नेकपा एमालेको पाँचौं महाधिवेशनले पार्टीको राजनीतिक कार्यक्रमको रूपमा स्वीकार गरेको जनताको बहुदलीय जनवादलाई सधैंजसो आलोचना गर्दै आए। तर जबजको रक्षा, विकास र व्याख्या गर्ने सम्बन्धमा पार्टी महासचिव शंकर पोखरेल सतिशाल झैं उभिए। यसरी पार्टीको मार्गदर्शन सिद्धान्त बन्ने क्रममा रहेको वा बनिसकेको र पार्टीको राजनीतिक पुँजीमाथि निरन्तर आलोचना गर्ने जिम्मेवारी भने भुसालले नै बहन गर्दै आए। पार्टीका प्रायः आन्तरिक बैठकहरूमा भुसालले काउन्टर प्रस्ताव लैजाने गरेको विषयमा सबै जानकार छन्। त्यससँगै एमाले र नेकपा (एमाओवादी) को बीचमा २०७५ साल जेठमा पार्टी एकतापश्चात् बनेको नेकपा अनेक आरोअवरोहका बीच तीन वर्षमै विघटन भयो। नेपालमा एकीकृत कम्युनिस्ट शक्तिको विकास गरी राजनीतिक स्थायित्व दिने, लोकतन्त्रको रक्षा गर्ने, समृद्धि हासिल गर्ने, सुशासन कायम गर्ने, अन्तर ाष्ट्रिय सम्बन्धलाई उचाइमा पुऱ्याउने र राष्ट्रियताको संरक्षण गर्ने सम्बन्धमा ओली सरकारको कार्यले लय समात्दै गर्दा अनेकौं षड्यन्त्र गरी सरकार ढालियो। त्यसबेला ओली सरकार ढाल्ने, नेकपाको विभाजन गर्ने र सर्वोच्चको फैसलासँगै एमाले ब्युँतिएपछि पनि भुसालका क्रियाकलापहरू पार्टीको अनुशासन र नैतिकता अनुकूल देखिँदैनथे। प्रायः पार्टीभित्र र बाहिर अरूलाई राजनीतिक सिद्धान्त, विधि, पद्धति, आचरण र जनवादी केन्द्रीयताको उपदेश दिने भुसाल आफू भने पार्टीको एउटा असल सिपाहीको भूमिकामा बसेको देखिँदैन। माओवादीको सशस्त्र युद्धबाट राष्ट्रिय राजनीतिमा आएका प्रभु साहले एमालेलाई उम्मेदवारी दर्ताको दिन अन्तिम क्षणमा घात गरे जस्तो परिघटना विरलै घट्ने गर्छन्। उनको यो व्यवहार ब्वाँसोको चरित्रसँग तुलना गर्दा उपयुक्त ठहर्छ। नेकपाको विघटनपश्चात् एमालेको कित्तामा उभिएका साहले नेकपा (एमाले) रौतहट जिल्ला कमिटी गठनमा एकलौटी कब्जाको धृष्टता गरेका थिए। पार्टीको आधिकारिताबिना आईटी आर्मी घोषणा गरे। पार्टी महाधिवेशनपछि हिस्सेदारी खोज्दै एकपछि अर्को बार्गेनिङ गरिरहे। जबकि एमाले विरोधी शक्तिहरूसँग उनी निरन्तर सम्पर्कमा थिए। त्यसबाट पुष्टि हुन्छ, उनी स्वचालित खेलाडी होइनन्। एमालेका विरुद्धमा कसैले प्रयोग गरेका परिचालित पात्र हुन्। योजना मुताबिक नै उनको एमालेबाट बहिर्गमन भएको हो। एमालेमा उकुसमुकुस गरी बसेका र संस्थापन ध्रुवको विपरीत धारको राजनीति गर्दै आएका भुसाल अनि योजनाबद्ध एमालेमै रहेका साह पार्टीलाई कमजोर पार्ने नियोजित षड्यन्त्र अनुरूप उपयोग भएका पात्रको रूपमा चित्रित गरिनु अनुचित होइन। यद्यपि आगामी दिनमा उनीहरूको राजनीतिक यात्रा कसरी अघि बढ्छ र कसरी प्रस्तुत हुँदै जान्छन् भन्ने कुराले उनीहरूमाथि सार्वजनिक वृत्तमा उठेका विषयहरूले आकार गर्ने नगर्ने कुराको निर्धारण गर्नेछ। संसदीय राजनीतिमा निर्वाचन भनेको सबैभन्दा जटिल र महत्वपूर्ण क्षण हो। एमालेमाथि सर्वाधिक चुनौतीपूर्ण घडीमा पार्टीभित्र र बाहिरबाट घेराबन्दी घेर्ने दुष्प्रयास भइरहेको छ। घटनाक्रमहरूले एमालेलाई परिबन्धमा पार्न गरिएका यी कार्यहरू परिस्थितिजन्य, स्वतस्फूर्त र एक पक्षबाट मात्र भएको देखिँदैन। दीर्घकालदेखि निश्चित मिसनअन्तर्गत केन्द्रित रही योजनाबद्ध र बहुपक्षहरूबीचको संलग्नतामा गरिएका सिलसिलाबद्ध परिदृश्यहरू हुन्। यी परिघटनाहरू कसैलाई राष्ट्रपति नबनाउँदाको प्रतिशोध, कोहीलाई पार्टीअध्यक्षमा पराजित हुँदाको रनाहा त कसैलाई प्रधानमन्त्री हुन नपाउँदाका छटपटीहरूको प्रतिक्रिया स्वरूप हिजो एमाले विभाजित गरिएको घटनाकै उपक्रम हुन्। केपी ओली सरकारमा हुँदा भारतीय नाकाबन्दी र नेपालको नयाँ नक्सा प्रकाशित गर्दा राष्ट्रियताको पक्षमा लिएको अडान होस् वा देशमा समृद्धिको लहर ल्याउने ऐतिहासिक कार्यक्रमहरू होउन्। त्यसको प्रतिक्रिया स्वरूप सरकारलाई काम गर्न अवरोध गरियो। तर संसद्लाई प्रधानमन्त्रीले विघटन गरिदिएपश्चात् प्रतिगमनको हौवा फिजाइयो। तब अदालतको ढोका ढकढक्याएपछि सर्वोच्चको परमादेशबाट एउटा पक्षसत्ता गठबन्धन निर्माण गर्न सफल भयो। सके निल्ने नसके मिल्ने भन्ने अभिव्यक्ति दिँदै आएका प्रचण्डले माओवादीको विचार, संगठन र व्यवहारमा आएको विचलनबाट पार्टीको शक्ति क्षीण भई निल्ने प्रयास असफल भएपछि रणनीतिक रूपमा एमालेसँग मिलेको देखिन्छ। मनमा विभाजन र मुखमा एकता जपेर एमालेको शक्तिलाई छिन्नभिन्न बनाउन उनी आतुर थिए। सोही योजना अनुरूप एमालेभित्र विभिन्न उपयुक्त पात्रहरूको मनोवृत्तिमा टेकेर उनीहरूका असफल मनोकांक्षा र असन्तुष्टिहरूलाई घुमाउरो तरिकाले आफ्नो स्वार्थानुरूप प्रयोग गर्न सफल भए। परमादेशबाट ब्युँतिएको संसद्ले जन्माइदिएको अप्राकृतिक नेकपा (एकीकृत समाजवादी) नामको राजनीतिक दल त्यसैको परिणाम हो।

एमालेको शक्तिलाई छिन्नभिन्न नबनाई प्रचण्डले आफ्नो शक्ति आर्जन गर्न नसक्ने ठानेर एमालेभित्र उनलाई सहज हुने पात्रहरूको प्रयोग निरन्तर गरिरहेका छन्। तसर्थ, निर्वाचनको मुखैमा एमाले परित्याग गर्नेहरूको लक्ष्य पदको सौदबाजी गर्नुमा मात्रै सीमित छैन। निर्वाचनपश्चात् अरू कसैको हितमा काम गर्ने कम्फर्टेबल सरकार बनाउने कुरामा प्रतिबद्ध हुने दायित्व पनि निर्वाह गर्नु पर्नेछ। सम्भवतः सत्ता शक्तिप्रति आशक्ति राख्ने तर पार्टीको सैद्धान्तिक राजनीतिबाट विचलित भएकाहरूले निर्वाचनपश्चात् बृहत् धक नमानी घनश्याम भुसाल र प्रभु साहहरूले पुनः कम्युनिस्ट सिद्धान्त, दर्शन र राजनीतिक आचरणका बारे कार्यकर्ताहरूलाई पाठ पढाउने छन्। तर वामपन्थी आन्दोलनमा त्यो अर्को भद्दा मजाकबाहेक केही हुने छैन।

# को हुन् चिन्तन पाठक ?

चिन्तन पाठकको नामले नेपालको राजनीतिक सामाजिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएका उनको वास्तविक नाम तिलचन पाठक हो । बुवा देवीप्रसाद र आमा लक्ष्मीदेवी पाठकको काईंलो छोराको

रुपमा चिन्तनको जन्म वि. सं. २०२३ साल कात्तिक १७ झापाको बुद्धशान्ति गाउँपालिका वडा नं. २ मा भएको हो । अहिले नेपाल कम्युनिष्ट पार्टी एमाले १ नम्बर प्रदेश कमिटीको सचिवको जिम्मेवारीमा रहेका चिन्तनको राजनीतिक यात्रा विद्यार्थी कालबाट सुरु भएको हो ।

यही २०७९ साल मंसीर ४ गते सम्पन्न हुन लागेको प्रदेशसभा निर्वाचनमा चिन्तन पाठकलाई नेपाल कम्युनिष्ट पार्टी एमालेले झापा क्षेत्र नं. २ (ख) मा प्रदेशसभा सदस्य उम्मेदवार बनाएको छ। यही सन्दर्भमा युवामाझ लोकप्रिय नेताको पहिचान स्थापित गरेका पाठकको साङ्गोपाङ्गो परिचय गराउनु सान्दर्भिक हुनेछ ।

शैक्षिक अवस्था :

आफ्नो जन्मस्थान नजिकै रहेको सरस्वती प्राथमिक विद्यालयबाट प्राथमिक शिक्षा आरम्भ गरेका तिलचनले बुद्धआदर्श माध्यमिक विद्यालय बुधबारेबाट माध्यमिक तहको शिक्षा उत्तीर्ण गरेका थिए । उच्च शिक्षा प्राप्तिका लागि उनले धरानस्थित महेन्द्र बहुमुखी क्याम्पसबाट प्रमाणपत्र तह प्रथम वर्ष (आईएल) र नेपाल ल क्याम्पस काठमाडौंबाट आइएल दोश्रो वर्ष पूरा गरेका छन्। सो पछि महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामबाट कानून विषयमा तिलचनले स्नातक तह उत्तीर्ण गरेका हुन् । कानून विषयमा स्नातक तिलचनले सक्रिय राजनीतिक जिम्मेवारी सम्हाल्नुभन्दा पहिले कानून व्यवसायी थिए ।

राजनीतिक यात्राको शुरुवात :

राजनीतिक रुपमा आफूलाई सधैंभरि अग्रपंक्तिमा उभ्याउन सफल चिन्तन पाठक आफ्नो राजनीतिक यात्राको सुरुवात २०३६-२०३७ सालको विद्यार्थी आन्दोलनबाट भएको बताउँछन् ।१३-१४ वर्षको उमेरबाटै विद्यार्थी राजनीति सिकेर उनले २०३८ सालमा अनेरास्ववियू बुद्धआदर्श माविको प्रारम्भिक कमिटीमा संगठित हुने अवसर पाएको स्मरण गर्छन् ।

अनेरास्ववियूमा नेतृत्व :

क्रमशः माथिल्लो जिम्मेवारीमा प्रवेश गर्दै तिलचनले २०४४ सालसम्म अनेरास्ववियू विशेष इलाका कमिटीको सदस्य र सचिवको जिम्मेवारी पूरा गरे । उनले २०४४ सालमा सम्पन्न अनेरास्यवियू झापा जिल्ला कमिटीको सदस्यको जिम्मेवारी पाए । उच्च अध्ययनको सिलसिलामा आईएल अध्ययन गर्न धरानमा रहेको बेला २०४६ सालमा महेन्द्र बहुमुखी क्याम्पसको प्रारम्भिक कमिटी सचिवको जिम्मेवारी सम्हाले । आईएल दोस्रो वर्षको अध्ययनका लागि २०४७ सालमा काठमाडौं गएका उनले अनेरास्ववियू काठमाडौं नगर कमिटीको कोषाध्यक्ष, सचिव हुँदै अध्यक्षसम्मको जिम्मेवारी सम्हाल्ने अवसर पाएका थिए ।त्यस्तै २०५० चैत्र २०-२५ हेटौंडामा सम्पन्न १२औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय शिक्षा सदस्यमा निर्वाचित भई मेची अञ्चल इञ्चार्जको जिम्मेवारी लिए । २०५२ चैत्र १३-२० विराटनगरमा सम्पन्न १३औं राष्ट्रिय सम्मेलनबाट पुनः केन्द्रीय सदस्यमा निर्वाचित भई उनी मेची अञ्चल इञ्चार्जको जिम्मेवारीमा दोहोरिए । यसैगरी, २०५५ भदौमा काठमाडौंमा सम्पन्न १४औं राष्ट्रिय सम्मेलनबाट

केन्द्रीय सचिवालय सदस्यमा निर्वाचित भई



केन्द्रीय शैक्षिक विभागको जिम्मेवारी सम्हाल्दै चिन्तनले आफ्नो राजनीतिक यात्रालाई विद्यार्थी संगठनबाट माथि पार्टी राजनीतितर्फ मोडेको सुनाउँछन् ।

एमालेमा जिम्मेवारी :

विद्यार्थी कालबाटै संगठनको माथिल्लो तहसम्म पुग्ने क्षमता प्रस्तुत गरेका तिलचन पाठक (चिन्तन)ले प्रजातान्त्रिक राष्ट्रिय युवा संघ झापा जिल्ला कमिटी सदस्यको जिम्मेवारी पनि सोही अवधिमा पूरा गरेका थिए । विद्यार्थी र युवाको जिम्मेवारी सम्हालिरहेका सक्षम युवाले पार्टी कमिटीको जिम्मेवारी नपाउने कुरै थिएन । चिन्तनलाई २०५० सालमा तत्कालीन बुधबारे गाउँ कमिटीमा सदस्यको जिम्मेवारीमा ल्याइयो ।

सो पछि उनले बुधबारे गाउँ कमिटी सचिव, नेकपा एमाले ६ नं. इलाका कमिटी सदस्य र क्रमशः सचिवको जिम्मेवारी सम्हाल्ने अवसर पाए । यस्तै, नेकपा एमाले विद्यार्थी फ्याक्सनको जिल्ला सदस्य र सचिव तथा नेकपा एमाले विद्यार्थी फ्याक्सनको अञ्चल सदस्यको जिम्मेवारी पूरा गरे । सोही कालखण्डमा चिन्तनले नेकपा एमालेको सामाजिक परिचालन विभाग, सहकारी विभाग, संगठन विभागको सदस्यको जिम्मेवारी पनि कुशलतापूर्वक बहन गरेको स्मरण गर्छन् ।

जिल्ला तहको जिम्मेवारी :

२०५६ फागुन २१-२३ मा सम्पन्न नेकपा एमाले ५औं झापा जिल्ला अधिवेशनबाट निर्वाचित कमिटीमा चिन्तनलाई मनोनयन गरी जिल्ला सदस्य बनाउँदै जिल्ला तहको पार्टी नेतृत्वमा विकसित गरिएको हो । सो पछि २०६० जेठ २-४ मा सम्पन्न नेकपा एमाले छैठौं झापा जिल्ला अधिवेशनबाट जिल्ला सदस्य निर्वाचित भई ५ नं. इलाका इञ्चार्जको जिम्मेवारी पाए । यस्तै २०६३ भदौ २४-२६ मा सम्पन्न नेकपा एमाले ७ औं झापा जिल्ला अधिवेशनबाट उनी जिल्ला सदस्य तथा ४ नं. क्षेत्रीय सचिवको जिम्मेवारीमा दोहोरिए ।

तर पार्टीको काम गर्दा नेतृत्वमा रहेर जिम्मेवारी निभाइरहँदा पनि सधैंभरि सफलता कहाँ पाइन्छ र ! उनले नेकपा एमाले ८औं जिल्ला अधिवेशनमा सचिव पदमा उम्मेदवारी दिए पनि पराजित हुनुपरेको थियो । पछि जिल्ला कमिटी बैठकले उनलाई जिल्ला कमिटी सदस्य पदमा मनोनित गरेर पार्टी कामलाई जिम्मेवार ढंगबाट निरन्तर सञ्चालन गर्ने अवसर पाएको उनी सुनाउँछन् ।

२०६९ फागुन २१-२३ सम्म सम्पन्न एमालेको ९औं जिल्ला

अधिवेशनबाट बनेको कमिटीमा भने उनी सचिव पदमा सर्वसम्मत निर्वाचित भए । सो पछि २०७१ पुस १७-१९ गते सम्पन्न एमाले प्रथम झापा जिल्ला परिषद् बैठकबाट चिन्तनले अध्यक्षमा सर्वसम्मत जिम्मेवारी पाएका थिए ।उनको राजनीतिक यात्राकै क्रममा २०७६

वैशाख ९ गतेबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को जिल्ला अध्यक्षको रुपमा चयन हुने अवसर पनि पाएका थिए ।

कस्टडीको बास :

नरम स्वभावका चिन्तनले राजनीतिक जीवनका क्रममा पटक-पटक कष्टडीको बास बस्नु परेको थियो । पञ्चायत बिरोधी आन्दोलन, दासढुंगा हत्या आन्दोलन, कर्मचारी आन्दोलन तथा

जनआन्दोलनको समयमा उनले पटक-पटक कस्टडीमा रात बिताएको इतिहास छ ।

सामाजिक-व्यवसायिक जिम्मेवारी :

सबैलाई एकै स्थानमा समेट्दै पार्टीलाई मजबुत बनाएर लैजानुपर्छ भन्ने मान्यताले चिन्तनसँग विभिन्न सामाजिक-व्यवसायिक संघ-संस्थामा रहेर जिम्मेवारी सम्हालेको अनुभव छ । उनीसँग बुधबारेसँगै झापाका दर्जनौं सामाजिक संघ-संस्थाको

नेतृत्वदायी भूमिका निर्वाह गरेको अनुभव छ । सबैसँग मिल्न सक्ने र सबैलाई पार्टीको नेतृत्वमा अग्रस्थानमा पुर्याउन अहम् भूमिका निर्वाह गरेका चिन्तन पाठक २०७४ सालको स्थानीय तहको निर्वाचनमा बुद्धशान्ति गाउँपालिकाको अध्यक्ष पदमा उम्मेदवार बनेका थिए । प्रतिष्पर्धीसँग झिनो मतान्तरले उनी पराजित हुनुपरेको थियो । तर पनि अधिकांश स्थानमा आफ्नो पार्टीका उम्मेदवार हरुलाई विजय गराउनुलाई आफू सफल भएको चिन्तन विश्लेषण गर्छन् ।

पत्रकारिताको पनि अनुभव सम्हालेका चिन्तनले सहकारी संस्थाको प्रारम्भिक संस्थाको अध्यक्ष, जिल्ला सहकारी संघको सञ्चालक हुँदै

लेखा सुपरीवेक्षण समितिको संयोजकसम्मको जिम्मेवारी निभाएका छन् । उनले शैक्षिक संस्थाहरुको नेतृत्वसमेत गर्ने अवसर पाएका थिए । पार्टी कामको सिलसिलामा उनले भारत र थाइल्याण्डको भ्रमण गर्ने अवसर पाएका थिए । चिन्तन पाठक यतिबेला पूर्णकालीन राजनीतिक जिम्मेवारीमा रहेर काम गरिरहेका छन् । उनको राजनीतिक यात्रामा श्रीमती कमला पाठकले पूर्णरुपमा साथ सहयोग दिएको चिन्तनको अनुभव छ । चिन्तन-कमलाका एक छोरा मञ्जिल र एक छोरी मेलिना छन् । दुवैको विवाहपछि बुहारी दिपज्योति कट्टेल पाठक र ज्वाइँ सुमन बिमलीसमेत आफ्ना अभिभावक ससुरा बुवाको राजनीतिक यात्रा सफलताका लागि सक्दो सहयोग गरिरहेको पाइन्छ ।

## झापा उत्सवको सम्पूर्ण तयारी पूरा

बिर्तामोड । झापाको बिर्तामोडमा पहिलोपटक हुन लागेको बृहत् सांगीतक कार्यक्रम 'झापा उत्सव २०७९' को सम्पूर्ण तयारी पूरा भएको छ ।

बिर्ताबजारको डोमालाल राजवंशी रंगशालामा हुने झापा उत्सवका लागि भव्य स्टेज निर्माण गरिएको छ भने रंगशाला घेराबाराको काम सम्पन्न भएको छ ।

झापा फुटबल क्लबको आयोजनामा कात्तिक ४ र ५ गते दुई दिन हुने झापा उत्सव चाडवर्पका बेला झापाबासीलाई सांगीतिक कार्यक्रम रमाउने वातावरण बनाउनुका साथै सी डिभिजन खेलेर बी डिभिजनमा पुगेको क्लबलाई ए डिभिजनका लागि खेल खेल्न आवश्यक रकम जुटाउन समेत आयोजना गर्न लागिएको अध्यक्ष जलकुमार गुरुङले बताए ।

स्थानीयसँगै राष्ट्रियस्तरका कलाकारले झापाबासीलाई भरपूर मनोरञ्जन दिइने सांगीतिक कार्यक्रममा संगीकार तथा गायक कालीप्रसाद बाँस्कोटा, डोङ, एकदेव लिम्बू, अस्मिता अधिकारी, कमेडियन सुमन कार्की, अमर-अमृत दाहालसँगै स्थानीय कालाकारले समेत प्रस्तुति दिने छन् ।

दिउँसो २ बजेदेखि ४ बजेसम्म स्थानीय कलाकार र त्यसपछि राष्ट्रिय कलाकारको प्रस्तुति रहने महोत्सवका सहकार्यकर्ता पेरिलिङ्कन सर्भिसका दिपेश घलेले जानकारी दिए ।

कार्यक्रम सम्पन्न गर्न ४० देखि ५० लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । सांगीतिक कार्यक्रम हेर्न चाहनेका लागि दुई हजार रुपैयाँ दरको टिकट कायम गरिएको छ । जसबाट दुई दिन नै कार्यक्रम हेर्न सकिनेछ ।

महोत्सवको मुख्य प्रायोजक अर्ना बियरले गरेको छ । अर्ना बियरका प्रदेश १ र २ का रिजनल हेड शंकर लुइँटेलले आफ्नो उत्पादनको प्रबर्द्धनसँगै कलाकार र खेल क्षेत्रको प्रबर्द्धनका लागि प्रायोजन गर्न लागिएको बताए । उनले सामाजिक उत्तरदायित्वसँगै आफ्नो उत्पादनको प्रबर्द्धन मुख्य उद्देश्य रहेको सुनाए ।

## झापा गाउँपालिकामा खुल्ला नकआउट फुटबल हुने

कुमरखोद । नेपालीहरुको महानपर्व विजयादशमी ,शुभदीपावली र छैठ पर्वको अवसरमा झापा गाउँपालिकामा खुल्ला नकआउट फुटबल प्रतियोगिता हुने भएको छ ।

झापा गाउँपालिका वडा नं. २ अवस्थित रहेको जोरमाई युवा क्लब सडकवाडीको आयोजनामा जुडो प्राथमिक विद्यालयको खेलमैदानमा कार्तिक ६ गतेदेखि १३ गतेसम्म नकआउट फुटबल प्रतियोगिता संचालन हुने भएको हो । प्रतियोगितामा आयोजकसहित ८ वटा टीमले भाग लिने भएका छन् । प्रतियोगितामा आयोजक , डाँगीवारी एफसी , अल ईन वान सैनिकमोड , सुरुङ्गा युवा क्लब कन्काई , जलथल एफसी , शिवसतासी युवा क्लब दुधे , केर्खा एफसी र यसटी स्टार भारतीय टीमको सहभागिता रहने क्लबका सचिव टेकबहादुर कार्कीले बताए ।

प्रतियोगितामा विजेता टिमलाई ६० हजार १११ र उपविजेता टिमलाई ३५ हजार १११ नगद साथमा ट्रफी ,मेडल र प्रमाणपत्र प्रदान गरिने क्लबका कोषाध्यक्ष हेमकुमार राजवंशीले बताए । प्रतियोगितामा वेस्ट डिफेन्स , वेस्ट किपर , वेस्ट प्लेयर , उदीयमान खेलाडी र हाईस्कोरले समेत नगदसहित मेडल पाउने भएका छन् ।

खेल दिउँसो ३ बजेदेखि शुरु हुने क्लबका अध्यक्ष बाबुराम लिम्बूले जानकारी दिएका छन् । अध्यक्ष लिम्बूले प्रतियोगिता संचालन गर्नको लागि झापा गाउँपालिकाले पनि आर्थिक सहयोग गर्ने बताए ।

## झापा उद्योग वाणिज्य संघलाई चावी हस्तान्तरण

कुमरखोद(प्रस)। झापा गाउँपालिका कार्यालयले झापा गाउँपालिकामा नवगठित उद्योग वाणिज्य संघलाई कार्यालय संचालनको लागि बुधवार चावी हस्तान्तरण गरेको छ । वडा अध्यक्ष हिमालकुमार चम्लागाई र वडा सचिव नारायण चम्लागाईले संयुक्त रुपमा झापा गाउँपालिका उद्योग वाणिज्य संघलाई सामुदायिक भवनको चावी हस्तान्तरण गरेका हुन् । झापा गाउँपालिका वडा नं २ को कार्यालय छेउ खाली अवस्थामा



रहेको सामुदायिक भवनलाई तत्कालको लागि कार्यालय संचालन गर्नका लागि दिएको वडा सचिव चम्लागाईले बताए । उद्योगीव्यवसायीहरुको हकहित तथा संरक्षणको लागि असार १३ गते ठोम नेपालको अध्यक्षतामा झापा गाउँपालिकामा उद्योग वाणिज्य संघको तदर्थ समिति गठन भएको थियो । उक्त तदर्थ समितिले असोज महिनाभित्र उद्योग वाणिज्य संघलाई स्थानीय निकायमा दर्ता गराई वैधानिकता पाएको छ । झापा गाउँपालिका उद्योग वाणिज्य संघका महासचिव भगेन्द्र भण्डारीले संस्थाले भर्खरै वैधानिकता पाएकोले कार्यालय संचालनको लागि खाली अवस्थामा रहेको सामुदायिक भवनलाई प्रयोग गर्नका लागि झापा गाउँपालिका कार्यालयलाई अनुरोध गरेपछि पालिकाले अनुमति दिएको बताए ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – प्राविधिक कार्य सफल हुनेछ । वित्तीय संस्थाबाट सहयोग पाइनेछ ।

**वृष** – इष्टमित्रसँग भेटघाट गर्ने अवसर जुट्नेछ । कुनै कुराले मनमा उत्साह छाउनेछ ।

**मिथुन** – आज नयाँ योजना, अवसर र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**कर्कट** – सामाजिक र राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता

**सिंह** – कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । आर्थिक क्षेत्र सामान्य नै रहनेछ ।

**कन्या** – सरकारी निकायबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा बाधा पनि आउनेछ ।

**तुला** – आफन्तको प्रगतिले मन रमाउनेछ । सबै काम यथावत् रूपमा सम्पन्न हुँदै जानेछन्

**वृश्चिक** – आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । पुनर्मिलनको योग पनि रहेको छ

**धनु** – आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला ।

**मकर** – आज सानातिना समस्यामा अल्झनुपर्नेछ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**कुम्भ** – दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मिन** – वैदेशिक कार्य सम्पादनमा सहजता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।